नेपाल सरकार
शिक्षा मन्त्रालय

# शिक्षा विभाग

(..........सामुदायिक विद्यालय व्यवस्थापन... शाखा)

पत्र संख्या :-

चलानी नं. :- ४६९

सानोठिमी, भक्तपुर

मिति : २०७४/०३/१४

**विषय: निर्देशन ।**

श्री जिल्ला शिक्षा कार्यालय,
७५ ओटै ।

प्रस्तुत विषयमा तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्बाट कक्षा ११ र १२ सञ्चालन गर्न सम्बन्धन पाएका विद्यालयहरुले सुरक्षण वापत ३ वर्षे मुद्धती खातामा रु ४०००००।- (चार लाख मात्र) र ६ महिने मुद्दति खातामा ४०००००।-(चार लाख मात्र) विद्यालयहरुले समयावधि समाप्त भएपछि खाता नविकरण गर्नुपर्ने भएकोले सो सम्बन्धमा तपसिल वमोजिम गर्नु गराउनुहुन मिति २०७४।२।२५ को निर्णयानुसार अनुरोध छ ।

तपसिल

१. तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्बाट कक्षा ११ र १२ सम्बन्धन दिंदा सुरक्षण वापतको धरौटी रकम विद्यालयका प्रतिनिधिको दस्तखतमा मात्र विद्यालयको नाममा जम्मा हुने गरेकोले अनुमति/सम्वन्धन प्राप्त सबै विद्यालयहरुको नाममा रहेको सुरक्षण वापतको मुद्धती खाता शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १० (क) मा व्यवस्था भए वमोजिम गर्ने गराउने ।
२. राष्ट्रिय परीक्षा वोर्ड र सो वोर्डको क्षेत्रीय कार्यालयबाट त्यस कार्यालयमा प्राप्त मुद्धती खाताको सक्कल रसिद माथि वुँदा नं. १ को प्रकृया पुरा गरी सम्बन्धित विद्यालयको अभिलेख राखी हस्तान्तरण गर्ने ।
३. सुरक्षण वापतको ६ महिने मुद्धति खातामा रहेको रु.४०००००।-(चार लाख मात्र) रकम अवधि समाप्त भए पश्चात विद्यालय विकास प्रस्तावको आधारमा विद्यालयको अन्य खातामा जम्मा गर्न र ३ वर्षे मुद्धती खातामा रहेको रु.४०००००।-(चार लाख मात्र) रकम नविकरणको सिफारिस जिल्ला शिक्षा कार्यालयले गर्ने ।
४. विद्यालयहरुले सुरक्षण वापत मुद्धती खातामा जम्मा भएको रकम सापटी लिने व्यवस्था प्रचलित शिक्षा ऐन तथा नियमावलीमा नरहेकोले सो कार्य नगर्ने नगराउने ।

..................
विष्णुप्रसाद अधिकारी
शाखा अधिकृत

बोधार्थ/कार्यार्थ

श्री राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर ।
श्री क्षेत्रीय शिक्षा निर्देशनालय, ५ओटै